# लोक सेवा आयोग
# काठमाडौं कार्यालय
## (परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८२, ४७७१९८३, ४७७१९८४, वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## नेपाल विद्युत प्राधिकरणको तह-५, सुपरभाईजर (इलेक्ट्रिकल) पदको
## लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना
## सूचना नं. ३१४।०८१-८२, मिति २०८२।०२।११

लोक सेवा आयोग, काठमाडौं कार्यालयले संचालन गर्ने **नेपाल विद्युत प्राधिकरणको** मिति २०८१।०९।०५ गते प्रकाशित **विज्ञापन नं. २०८१/८२ प्रा.५/३०३ (बागमती प्रदेश)** (खुला तथा समावेशी) **प्राविधिक** सेवा, **इलेक्ट्रिकल** समूह, **इलेक्ट्रिकल** उपसमूह, तह **५, सुपरभाईजर** पदमा **काठमाडौं परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको **लिखित परीक्षा कार्यक्रम** निम्न मिति, समय र परीक्षा भवनहरुमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजातहरु संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।उम्मेदवारले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ मा तल उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| पत्र | विज्ञापन नं. | पद,सेवा,समूह, उपसमूह,तह | विषय | लिखित परीक्षा मिति र समय | परीक्षा प्रणाली | परीक्षा अवधि |
|---|---|---|---|---|---|---|
| प्रथम | २०८१/८२प्रा.५/३०३ (खुला तथा समावेशी) (बागमती प्रदेश) | **सुपरभाईजर,** प्राविधिक, इलेक्ट्रिकल, इलेक्ट्रिकल,५ | सामान्य ज्ञान, गणित र कानून सम्बन्धी ज्ञान | २०८२।०२।२० गते दिनको १:०० बजे | वस्तुगत बहुवैकल्पिक | ४५ मिनेट |
| | | | | | विषयगत | १ घण्टा १५मिनेट |
| द्वितीय | | | सेवा सम्बन्धी विस्तृत ज्ञान | २०८२।०२।२१ गते दिनको १:०० बजे | विषयगत | २ घण्टा ३० मिनेट |

### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरूको रोल नं. | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १. | १००१ देखि १८८० सम्म | २०० जना | मनमोहन मेमोरीयल कलेज (क), सोह्रखुट्टे |
| २. | १८८३ देखि २९५० सम्म | २०० जना | मनमोहन मेमोरीयल कलेज (ख), सोह्रखुट्टे |
| ३. | २९५५ देखि ३८३३ सम्म | २०० जना | जी.पी. कोइराला मेमोरियल कलेज (क), सिफल, चावहिल |
| ४. | ३८३५ देखि ४९२३ सम्म | २०० जना | जी.पी. कोइराला मेमोरियल कलेज (ख), सिफल, चावहिल |
| ५. | ४९२५ देखि ५८६३ सम्म | २०० जना | दि टाईम्स इन्टरनेशनल कलेज (क), डिल्लीबजार |
| ६. | ५८६४ देखि ७०७१ सम्म | २६१ जना | दि टाईम्स इन्टरनेशनल कलेज (ख), डिल्लीबजार |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।
२. **उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।**
३. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट वाच तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।
४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ।
५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
६. **परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्ने छ।**
७. तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन।
८. सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नु पर्नेछ।
९. थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं. ९८४३३७५२२३ र नेपाल विद्युत प्राधिकरण तर्फको मोवाइल नं. ९८५११५२३५४ मा सम्पर्क गर्न सकिने छ।

| (पुष्पराज खनाल) शाखा अधिकृत | (लक्ष्मीप्रसाद पुराजुली) शाखा अधिकृत | (विष्णु पौडेल) उपसचिव |
|---|---|---|